ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २४
१२ कार्तिक २०७९ शनिबार
29 Oct. 2022, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## भंगहा घटनाको छानबिन गर्न गृहमन्त्रालय द्वारा ५ पाँच सदस्यीय छानविन समिति गठन



**खबर दर्पण समाचारदाता**
**कार्तिक ११ गते, महोत्तरी**

भंगाहा नगरपालिका वडा नं. ८ मा छठ पर्वको अवसरमा आयोजित शोभा यात्राको सिलसिलामा भएको विवादमा छानविन गर्न गृह मन्त्रालय द्वारा ५ सदस्यीय छानबिन समिति गठन गरेको छ।

शुक्रवार गृहमन्त्री स्तरको निणर्यबाट गृह मन्त्रालयका सहसचिव शिवराम पोखरेलको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक उमेशराज जोशी, सशस्त्र प्रहरी वल, नेपालका सप्रनाम किशोर प्रधान, राष्ट्रिय अनुसन्धान विभागका सह-अनुसन्धान निर्देशक विष्णुमणि आचार्य र गृह मन्त्रालयका उपसचिव विश्वराज मरासेनी सदस्य रहेको ५ पाँच सदस्यीय छानविन समिति गठन गरिएको छ ।समितिलाई घटनाको सन्दर्भमा भएको क्षतिको सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुसँग बुझी निष्पक्ष छानविन गरी ७ दिनभित्र प्रतिवेदन पेश गर्न भनिएको गृह मन्त्रालयका प्रवक्ता सहसचिव फणिन्द्र मणि पोखरेलले जनाएको छ।हिन्दु बाहिनी सेना सम्राटबाट छठ पर्वको अवसरमा निकालिएको शोभा तथा झन्डा यात्राको क्रममा महोत्तरीको भंगहा नगरपालिका-८ परिरयामा बिहीबार हिन्दु र मुस्लिम समुदाय बीच झडप भएको थियो ।

झडपमा १५ जना भन्दा धेरै घाइते भएपछि कार्तिक १० गते ४ बजेदेखि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको थियो।

## साझा उम्मेदवारलाई विजयी गराउन गठबन्धनको आग्रह

**खबर दर्पण समाचारदाता**
**कार्तिक ११ गते, काठमाडौं**

सत्तारुढ गठबन्धनले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा गठबन्धनमा आबद्ध साझा उम्मेदवारलाई विजयी गराउन आग्रह गरेको छ ।

गठबन्धनमा आबद्ध दलका तर्फबाट आज जारी गरिएको संयुक्त विज्ञप्तिमा गठबन्धन दलका उम्मेदवारलाई विजयी गराउन मतदातालाई अपिल गरिएको छ ।



प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा( एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संयुक्तरुपमा जारी गर्नुभएको विज्ञप्तिमा केही स्थानमा देखिएको विवादलाई पनि छलफलका माध्यमबाट निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यस्तै गठबन्धनका तर्फबाट सहमतिका उम्मेदवारको सूची पनि सार्वजनिक गरिएको विज्ञप्तिमा उल्लेख छ ।

केही स्थानमा भने मित्रवत् प्रतिस्पर्धा गर्ने गरी तय गरिएको छ । ती स्थानमा एकआपसमा समान र सौहार्दपूर्ण व्यवहार गर्ने समझदारी भएका विज्ञप्तिमा उल्लेख छ ।

## भंगहामा लगाइएको कर्फ्यू हटाइयो

**धर्वेन्द्रकुमार यादव ‘यदुवंशी’**
**कार्तिक ११ गते, महेन्द्रनगर**

भंगाहा नगरपालिका वडा नं. ८ स्थित पररियामा झडप पश्चात लगाइएको कर्फ्यु शुक्रवार राती देखि हटाइने भएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले आज एक सूचना जारी गर्दै हाल शान्ति सुरक्षाको स्थितिमा सुधार आएको हुँदा कर्फ्यु हटाउने जानकारी दिएको छ। प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले जनाए अनुसार शान्ति सुरक्षा कायम गर्न सो क्षेत्रमा कार्तिक १० गते ४ बजेदेखि स्थानीय प्रशासनले ऐन. २०२८ को दफा ६ (क) बमोजिम कर्फ्यू आदेश जारी गरिएकोमा हाल शान्ति सुर



क्षाको स्थितिमा सुधार आई सामान्यिकरण भएको देखिएकोले स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (क) को उपदफा ५ बमोजिम आज राति १० बजे देखि लागु हुने गरी कर्फ्यू हटाईएको व्यहोरा सर्वसाधारण सबैमा जानकार ीको लागि सुचित गरिएको छ।

## छठ पर्वको आज दोस्रो दिन, खरना विधि गरिँदै

**खबर दर्पण समाचारदाता**
**कार्तिक ११ गते, महेन्द्रनगर**

छठ पर्वको आज दोस्रो दिन । छठको दोस्रो दिनलाई ‘खरना’ भनिन्छ । छठका व्रतालुहरूले आज नुहाएर चोखो भई साँझपख खीर बनाएर चन्द्रमालाई चढाउँछन् ।

चन्द्रमालाई चढाएपछि खीर तथा लौकाको तरकारी व्रतालुले भोजनको रूपमा ग्रहण गर्दछन् । आज सबै व्रतालुहरूले बिहानदेखि निर्जला भएर बेलुकी एक छाक मात्र भोजन गर्दछन् ।

सोमबारदेखि व्रत बसेका व्रतालुले सप्तमीसम्म माछा, मासु, लसुन, प्याज, कोदो आदीको भोजन गर्दैनन् ।



यो चार दिन व्रतालुले सात्विक भोजन मात्र गर्दछन् । कार्तिक शुक्ल चतुदर्शीदेखि सुरु भएको यो पर्व कार्तिक शुक्ल सप्तमीसम्म मनाइन्छ ।

छठमा विशेष गरी प्रकृतिको छैटौं अंशबाट उत्पन्न भएकी भगवती देवी (छठी माई)को पूजा गरिन्छ । देवी भागवत्मा छठी देवीले पुत्र नभएकालाई पुत्र, पत्नी नभएकालाई पत्नी, धन नभएकालाई धन प्रदान गरेको कथाहरू उल्लेख गरिएको छ ।

छठलाई एउटा कठिन व्रत र उपवासको रूपमा हेरिन्छ। छठको व्रत बस्दा चोखोनिधो, संयम र ब्रह्मचर्य धर्मको पालना गरिएन भने छठ पूजाको फल नपाइने जनविश्वास रही आएको छ ।

कार्तिक शुक्ल सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य चढाइ छठ पर्वको व्रतलाई समापन गरिन्छ ।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**
**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# नीति बहसको खडेरी

कात्तिक ५ गतेसम्म देशको राजस्व आम्दानी दुई खर्ब ३९ अर्ब रुपियाँ रहेको छ। यो चालू आर्थिक वर्षको तीन महिनामा पाँच दिनको आय हो। यो अवधिमा देशको खर्च भने दुई खर्ब ९२ रुपियाँ भएको छ। यो आर्थिक वर्षमा कुल १७ खर्ब ९३ अर्ब रुपियाँको बजेट विनियोजन गरिएको हो। तीन महिनामा खर्च भएकोमध्ये पनि पाँच प्रतिशत मात्र विकास निर्माणमा गएको छ र बाँकी सबै साधारण बजेट खर्च भएको छ। साधारण खर्च भनेको तलबभत्ता, कार्यालय सञ्चालन हो। यसले पुँजी निर्माण गर्दैन। साधारण बजेट धान्ने खर्च मात्रै हो। यसले लगानी बढाउन सक्दैन। लगानी नबढाएपछि रोजगारी सिर्जना, उत्पादन वृद्धि हुने कुरा भएन। अर्थतन्त्र क्रियाशील हुँदैन। मानिसको आय बढ्न सक्दैन। आयभन्दा बढी खर्च गर्ने व्यक्तिको अवस्था कस्तो हुन्छ ? घरपरिवार कसरी चल्छ ? संस्था कसरी चल्छ ? देशको कुरा पनि त्यही नै हो ? आयभन्दा खर्च बढी।

देश बिस्तारै निर्वाचनमय हुँदै गएको छ। मङ्सिर ४ गते हुने निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवार निर्वाचनको महाभारतमै छैन। देशको अर्थतन्त्रको मुद्दाले निर्वाचनमा खास महत्व पाउन सकेको छैन। देशको विकास गर्न साधन र स्रोत चाहिन्छ। त्यस्तो साधन र स्रोत कसरी प्राप्त गर्ने ? त्यसका लागि के कस्तो नीति हुने ? बहस लगभग शून्य छ। धेरै उम्मेदवार र राजनीतिक दललाई निर्वाचनमा खर्च गरेपछि चुनाव जित्न सकिन्छ भन्ने ठूलो भ्रमले सताएको छ। निर्वाचन आयोगले खर्चको सीमा लगाएर अनेक आचार संहिता कार्यान्वयनमा ल्याएको छ। दल र धेरै उम्मेदवारलाई त्यस्तो आचारसंहिता कसरी पालना गरेजस्तो मात्र गर्ने भन्ने चिन्तनले काम गरेको छ। खर्चालु निर्वाचन लोकतन्त्रको क्यान्सर हो।

नेतृत्वको विकास नीतिप्रधान हुनुपर्ने थियो। लोकतन्त्रको संस्थागत विकासका निम्ति नीतिले नेतालाई संस्थागत गर्नुपर्ने हो। नीतिबिनाको नेता सुवासबिनाको फूलजस्तो मात्र नभई पौष्टिकताबिनाको खाद्य पदार्थजस्तो पनि हो। देशको राजनीति बिस्तारै नीतिभन्दा पर गएको देखिन थालेको छ। दलहरूले निर्वाचनमा घोषणापत्रलाई प्राथमिकता दिइरहेका छैनन्। जसरी पनि निर्वाचन जित्ने सोचमा निर्वाचन अगाडि बढेको देखिन्छ। निर्वाचनमा अति बढी खर्च गर्ने प्रवृत्ति विगतदेखि नै देखिएको छ। यो निर्वाचनमा पनि त्यस्तो प्रवृत्ति घट्न सक्ने देखिएको छैन। देशको अर्थतन्त्रको मुद्दा ओझेलमा परेको छ। पाँच वर्षमा देशलाई के कसरी अगाडि बढाउने भन्ने चिन्तन, सोच, योजना र कार्यक्रमले मतदातालाई प्रभाव पार्ने कार्य हुन सकेको छैन।

# फलफूलको आयात बढ्दै, छठ पर्वका लागि भारतबाट भित्रियो ४० करोडको केरा

**खबर दर्पण समाचारदाता**

**कार्तिक ११ गते, महेन्द्रनगर**

यतिबेला फलफूल व्यवसायीहरूले स्याउ, केरा, सुन्तला, मौसम, नरिबल आदि फलफूल स्वदेश तथा विदेशबाट उपत्यका भित्र्याउने गर्छन्। कालिमाटी, कुलेश्वर, बल्खु, जडीबुटी, एकान्तकुना, जोरपाटीलगायत काठमाडौं उपत्यकाको ठाउँठाउँमा फलफूलका थोक बजार छन्।

काठमाडौं उपत्यकामा भित्रिने कूल फलफूलको ८० देखि ९० प्रतिशत कालिमाटी र कुलेश्वरको बजारमा जम्मा हुने गरेको बताउँछन् नेपाल फलफूल थोक व्यवसाय सङ्घ, काठमाडौंका अध्यक्ष अम्मर बानियाँ। कुलेश्वरस्थित थोक बजारमा फलफूल मात्रै पाइन्छ। उनका अनुसार उपत्यकाभर र उपत्यका आसपासका जिल्लाका व्यवसायीले कुलेश्वरस्थित सोही बजारबाट फलफूल किनेर लाने गर्छन्।

’तिहारमा मुख्यगरी फलफूल स्याउ, सुन्तला, मौसम, केरा, नरिवलको खपत बढी हुने गर्दछ। हुनेखानेले किबी, अङ्गुर, ड्रागन फ्रुटलगायत महङ्गा फलफूल पनि किन्ने भएकाले त्यस्ता फलफूल पनि केही मात्रामा बिक्री हुने गर्छ,’ उनले भने। हाल बजारमा व्यवसायीले भारतीय (कास्मिरी) चकलेटी स्याउ बढी मात्रामा बिक्री गरिराखेका छन्। यसको होलसेल मूल्य प्रतिकेजी १३० देखि १४० रुपैयाँ पर्छ भने नेपाली स्याउको मूल्य प्रतिकेजी १३० देखि १९० रुपैयाँसम्म पर्छ। तिहारको लागि भनेर पाँच दिनमा कास्मिरबाट चकलेटी स्याउ प्रतिगाडी २० टनका दरले ५० गाडी कुलेश्वर होलसेल बजारमा मात्र भित्रिने गरेको छ। अध्यक्ष बानियाँ भन्छन्, ’२० टनको एउटा गाडीको लागत (भन्सार, भाडा, खरिद सबै जोडेर) नेपाली २० लाख रुपैयाँ खर्च हुन्छ।’ तिहारको लागि १० करोडको कास्मिरबाट चकलेटी स्याउ भित्रियो। त्यस्तै, चिनियाँ स्याउ २० करोड रुपैयाँको आएको छ। यसरी बाहिरबाट १० र २० करोड गरी ३० करोड रुपैयाँको स्याउ यसपटक भित्रियो। मनाङ, मुस्ताङलगायत जिल्लाबाट करिब तीन करोडको स्याउ उपत्यका भित्रिएको छ।

अध्यक्ष बानियाँका अनुसार नेपालभर कूल स्याउ खपतको करिब १० प्रतिशतमात्रै नेपाली स्याउले स्थान पाएको छ। उनको अनुमानका अनुसार १५ करोडको चिनियाँ स्याउ काठमाडौं उपत्यकामा मात्र खपत हुन्छ भने नेपाली, चिनियाँ र भारतीय गरी करिब २५ करोड रुपैयाँको स्याउ उपत्यकाका उपभोक्ताले खाने रहेछन्।

त्यसैगरी नेपालमा केरा भारतबाट मात्र भित्रिन्छ। केराको बजार दुई महिनायता लगभग ३० प्रतिशत नेपाली र ७० प्रतिशत भारतीय रहेको बानियाँले बताए। उनका अनुसार भारतीय केराको लागत आठ लाख रुपैयाँ प्रतिगाडी पर्न जान्छ। तिहारको पाँच दिनमा मात्रै ४० करोड मूल्यको पाँच सय गाडी केरा भारतबाट भित्रिएको छ। सोही अवधिमा कुलेश्वर थोक बजारमा तीन करोडको नेपाली केरा भित्रिएको छ।



पछिल्लो समय सरकारले किसानलाई प्रोत्साहन गर्न नेपाली केराको उत्पादन तथा बिक्री बढाउन भनेर विदेशी केरा प्रतितपत्र (एलसी) मार्फत मात्रै भित्र्याउन पाइने व्यवस्था गरेको छ। बजारमा नेपालीभन्दा भारतीय केरा महङ्गोमा भए पनि उपभोक्ताले किन्ने गर्छन्। सुनसरी, मोरङलगायत स्थानका केरा उतै खपत हुन्छ। त्रिवेणी, टिकापुर, महेन्द्रनगरका केरा उपत्यकामा भित्रिने गरेको छ। तर त्यहाँबाट केरा ल्याउँदाल्याउँदै बाटैमा पाकिसक्छ। भारतीय केरा महाराष्ट्र, आन्द्राबाट तीन दिनमा आइपुग्दा पनि जस्ताको तस्तै हुन्छ।

भारतीय केरा नेपाली बजारमा एक कोसा १० रुपैयाँमा बिक्री हुँदा नेपाली केरा मुस्किलले ४-५ रुपैयाँमा बिक्री हुने गरेको दुखेसो गर्दै बानियाँको छ। ’अहिले भारतीय १५ टन केराको एउटा गाडी तीन लाख ढुवानी र एक लाख भन्सार गरी चार लाख रुपैयाँ तिरेपछि नेपाल आइपुग्छ। हाम्रो गाडीको ५० हजार मात्रै ढुवानी पर्छ,’ उनले भने।

व्यावसायिक खेतीलाई जबसम्म प्रोत्साहन गरिँदैन तबसम्म नेपालमा भारतीय केरा विस्थापित नहुने बताउँदै बानियाँ भन्छन्, ’भारतीय केरा हेर्दा मिलेको राम्रो, ठूलो, मोटो हुन्छ। उनीहरूको केरा हेर्दै किनौंकिनौं लाग्ने प्याकेजिङ, ग्रेडिङ सबै राम्रो मिलेको हुन्छ र खाँदा पनि स्वादिलो छ। तर, नेपाली केरा खाँदा स्वादिलो भए पनि हेर्दा राम्रो देखिँदैन र लापर्वाहीका कारण बजारमा गिलो र दाग भएका हुन्छन् जसले गर्दा उपभोक्ताले बढी मूल्य तिरेरै भए पनि राम्रो नै किनेर लाने गर्छन्।’

त्यसैगरी तिहारको लागि कुलेश्वर थोक बजारमा मात्रै भारतबाट पाँच करोड मूल्यको सुन्तला भित्रिएको छ भने मौसम तीन करोड रुपैयाँको भित्रिएको बानियाँले जानकारी दिए। उनका अनुसार अहिले नेपालको सुन्तलाको याम सुरु नभइसकेकाले बजारमा नेपाली सुन्तलाको बिक्री शून्य छ। त्यस्तै लक्ष्मी पूँजा गर्नको लागि नरिवल दुई करोडको भित्रिएको छ। यसरी तिहारमा चाहिने मुख्यमुख्य पाँच-छ थरिका फलफूल सो बजारमा मात्रै ७५ करोडको आयात भएको भन्दै उनले भने, ’तिहारमा मात्रै कूल आयात हेर्ने हो भने कुलेश्वर बजारमा मात्रै ७५ करोडभन्दा बढीको व्यापार हुन्छ।’ यतिबेला भारतीय हलुवावेद बजारमा छ्याप्छ्याप्ती छ। त्यस्तै काँचै खान मिल्ने जापानी हलुवावेद पनि बजारमा पर्याप्त मात्रामा छ। अध्यक्ष बानियाँका अनुसार पहिला इटालीबाट भित्र्याइने किवी अहिले चेचेनीयको किवीले नेपाली बजार लिएको छ। पछिल्लो समयमा नेपालमा पनि किवी उत्पादन हुन थालेपछि अब विस्तारै बाहिरको किवी विस्थापित हुनेमा उनी विश्वस्त छन्। नेपाली किवीको साइज एकनासको नहुने, सानो-ठूलो सबै एकै ठाउँमा प्याकिङ गरिदिने गर्दा बजारमा विदेशी किवीको प्रभाव बढ्ने देखिन्छ।

त्यसैगरी नेपाली बजारमा पाइने ड्रागन फ्रुट भियतनामबाट भित्रिएको हो। अध्यक्षे बानियाँले भने, ’बिडम्बना भियतनामबाट यहाँ आएको ड्रागन फ्रुट २५० देखि ३०० रुपैयाँ किलो पर्छ तर नेपालमा उत्पादन भएकालाई ५०० रुपैयाँ केजीको पर्छ। हेर्दा उनीहरूको राम्रो भए पनि नेपाली ड्रागन फल मीठो छ तर उपभोक्ताले यो कुरा बुझ्दैनन्। भाडा, भन्सार आदि सबै तिरर यहाँ आइपुग्दा पनि भियतनामको ड्रागन फ्रुट केजीको २५० रुपैयाँमा पाइन्छ। नेपाली ड्रागन फ्रुट भने थोक बजारमै केजीको ५०० रुपैयाँ पर्छ।’ उनका अनुसार किसानलाई दक्ष प्राविधिक ज्ञान नदिएसम्म नेपाली उत्पादन बिक्री हुन गाह्रो हुन्छ। -रासस

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मिथिलाञ्चलमा यसरी मनाइन्छ आस्थाको महापर्व छठ

**दिपक कर्ण**

**कार्तिक ११ गते, जनकपुर**

मिथिलाञ्चलमा आस्थाको महापर्व छठ औपचारिक रुपमा आजदेखि सुरु भएको छ । पर्वको पहिलो दिन आज 'नहाय खाय' विधि मनाईंदैछ । श्रद्धा र निष्ठापूर्वक मनाइने छठ पर्वका लागि जनकपुर धामलगायत तराई मधेसको विभिन्न स्थानहरुमा अन्तिम तयारी पुरा भएको छ ।

जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख पोखरीका घाटहरूलाई सिंगारेर पूजाको तयारी पुरा गरिएको छ । पोखरी नै पोखरीको शहरको रूपमा चिनिएको जनकपुरधामका पोखरीहरुमा छठ पूजाका लागि यहाँका स्थानीय युवा क्लवहरुले टेन्ट र पण्डाल लगाएका छन् । जनकपुर धामको गंगासागर पोखरीका अतिरिक्त धनुषसागर, अंगराज सर , दशरथ तलाउ, जानकी सर ोवरलाई स्थानीय युवा क्लबहरूले सजाएका छन् ।

**छठको रौनकता**

धनुषासहित मिथिलाञ्चलमा दिपावली र भातृद्वितिया पर्व सम्पन्न भएलगत्तै अहिले आस्थाको महापर्व छठको रौनकताले छोएको छ । मिथिलाञ्चलवासीहरुका लागि प्रमुख पर्वहरुमध्ये यो पनि एक मानिन्छ । जसरी दिपावलीको तयारी १५ दिनअघिदेखि सुरु हुने गर्दछ त्यसरी नै छठ पर्वको तयारी पनि एक हप्ता पहिलेदेखि नै सुरु हुने गर्दछ ।

कार्तिक शुक्ल चतुर्थीको दिनदेखि सुरु हुने यो पर्व कार्तिक शुक्ल सप्तमी तिथिका दिन सम्पन्न हुन्छ । यो पर्वमा खास गरी सूर्यदेवको उपासना गरिन्छ । हिन्दु धर्ममा सूर्य पूजाको परम्परा वैदिक कालदेखि नै रहँदै आएको मानिन्छ । त्यसले गर्दा समेत यस पर्वको परम्परालाई उक्त रुपले नै देखिन्छ ।

गरिब, धनी, दलित एवं उचनिचको ख्याल नगरि यो पर्व समाजमा रहेका सबै वर्ग एकसाथ मिलेर मनाउँछन् । जसले गर्दा समाजमा रहेका छुवाछुतजस्ता विकृति हटाउन सहायक सिद्ध हुने गर्दछ ।

**छठ पर्वको पूजाको विधान**

यस पर्वमा सूर्य देवतालाई पहिलो दिनको अर्घ अर्पण गरिन्छ जसलाई मैथिली भाषामा 'सभ्भुँका अर्घ' भनिन्छ । सूर्य देवतालाई खास गरी उक्त दिन अर्घ दिईने गरिन्छ जुन दिन उदयकालमा केही बेरका लागि भएपनि षष्ठी तिथि परेको होस् ठिक त्यसै अनुरुप उदयकालमा दिईने अर्घका लागि समेत त्यही विधि अपनाईन्छ र उक्त दिन पनि सप्तमी तिथि नै र हेको बेला 'भोरका अर्घ' दिईन्छ । छठ पूजामा जुन सामग्री साँझको समयमा सूर्य देवतालाई प्रसादको रुपमा अर्घ अर्पण गरिन्छ उक्त प्रसाद नै पुनः बिहानको समयमा अर्थात् 'भोरका अर्घ' मा दिईने परम्परा रहेको छ । हुनत सूर्य देवतालाई अर्पण गरिएको प्रसादहरु साँझदेखि बिहानसम्म जलाशयमा बनाईएको घाटमा नै राखिन्छ तर केही स्थानहरुमा नदीमा अचानक आउने बाढी, जनावर वा असुरक्षाका कारण घाटबाट प्रसादहरु घर लगिन्छ र बिहानपख सूर्य उदाउनुभन्दा अगावै पुनः त्यो प्रसाद घाटमा ल्याई छठ पर्व मनाईन्छ ।

छठ व्रत गर्नेहरु सबैजना चौठी तिथिका दिन नुहाई धुवाई गरी चोखो भई 'अर्वाअर्वाइन' खाने गर्दछन् । यही तिथिका दिनदेखि छठ पर्व औपचारिक रुपमा प्रार म्भ हुने गर्दछ । यसदिन व्रत गर्ने महिला र पुरुष नुहाई धुवाई गरी शुद्ध वस्त्र लगाई शाकाहारी भोजन खाने गर्दछन् । कार्तिक शुक्ल पञ्चमी तिथिका दिनभरी पर्व गर्ने व्रतालुहरु उपवास गर्ने गर्दछन् । उक्त दिन साँझमा माटोले बनाईएको नयाँ चूल्होमा नयाँ माटोको भाडाँमा अरबा चामलको खीर बनाउने गरिन्छ ।

सखर हालेर बनाईएको खीर देवी देवतालाई प्रसादको रुपमा चढाइन्छ र उक्त प्रसाद स्वरुप खीर व्रतीका साथै घरका अन्य सदस्यहरुले ग्रहण गर्दछन् । जसलाई मिथिलाञ्चलमा खरना भनिन्छ । कार्तिक शुक्ल षष्ठी तिथिका दिन व्रत गर्ने महिलाहरु डुब्दै गरेको सूर्यलाई अर्घ दिन्छन् भने पुरुषले सूर्य देवतालाई अर्घ अर्पण गर्ने समयसम्म पोखरी, तालतलैयामा हातमा नरिवल वा अन्य फलफुल लिई उभिरहेका हुन्छन् ।

साँझको समयमा घण्टौसम्म जलमा रही नाङ्लो, कनसुप्ती, ढकना, सर बालगायतमा राखिएका प्रसाद लिएर डुब्दै गरेको सूर्यलाई अर्घ चढाउने गर्दछन् । उक्त दिन छठ व्रत गर्नेहरुको घरका सबै सदस्यहरु प्रायः रातिभर पोखरीको घाटमा जाग्राम बस्ने गर्दछन् । छठको प्रसादहरुमा ठकुआ, भुसवा, केरा, नरिवल, उखु, सुन्तला, कागती,



सिंगारा, फलफूल, पान, सुपारी, धूप, दीप आदि रहन्छ ।

**पर्वको दिन व्रतगर्नेहरुलाई मन्त्रबाट संकल्प लिनु आवश्यक**

नमेद्य कार्तिक मासीय शुक्ल पक्षे षष्ठम्यां तिथौ (आ-आफ्नो गोत्रको नाम लिएर) जन्म जन्मान्तरार्जित ज्ञाताज्ञात कायिक वाचिक मानसिक सकल पाप कामावाप्ति काम अद्य प्रातश्च सूर्यायार्घमहंदास्ये ।

तत्पश्चात् अक्षत लिएर नमो भगवन सूर्य इहागच्छ यहतिष्ठतः उच्चारण गरी पूजाको थालीमा अक्षत राखी जल लिएर एतानि पाद्यार्घाचमनीयस्नानीय पूनर ाचमनीय नमो भगवते श्री सूर्यनार ायणय नमः उच्चारण गरी जल चढाई फूलमा रातो चन्दनको लेप लगाई, रातो फूल, दुबो अक्षत र प्रसादका लागि तयार पारिएका परिकारहरुसहित जल लिएर सूर्यतिर हेर्दै नमोस्तु सुर्याय नमः उच्चारण गरी सम्पूर्ण डाला उत्सर्ग गर्दै कथा सुन्ने गरिन्छ ।

त्यसपछि व्रत गर्ने महिला पुरुषसहित घरका अन्य सबै सदस्यहरु घर फर्किन्छ । र घरमा भोजन गर्ने गर्दछन् जसलाई मैथिलीमा पारण भनिन्छ । पारण भएपछि ४ दिवसीय छठ पर्वको समापन हुन्छ ।

षष्ठी देवी

कार्तिक शुक्ल षष्ठी तिथिका दिन डूब्दै गरेको सूर्यका साथ साथै षष्ठी देवीको समेत पूजा गरिन्छ । पुर ाणहरुका अनुसार प्रकृति देवीको एक प्रधान अंशलाई देवसेना भनिन्छ जुन की सबैभन्दा श्रेष्ठ मातृका मानिन्छ । माता श्रृष्टी सम्पूर्ण जीवको रक्षिका देवी हुनुहुन्छ । प्रकृतिको छैठौं अंश भएका कारण उनको नाम समेत षष्ठी रहेको छ । षष्ठी देवीको पूजनको प्रचार प्रसार ब्रह्मवैवर्त पुराणका अनुसार राजा प्रियव्रतक कालदेखि आरम्भ भएको मानिन्छ । यस कारण छठि माता भन्ने मिथिलाञ्चलमा परम्परा रहेको छ । हुनत केहीले सूर्यको माता भनेर समेत षष्ठी देवीको पूजा गर्छन् ।

**छठको पौराणिक महत्व**

लंका विजयपछि रामराज्यको स्थापनाका दिन कार्तिक शुक्ल षष्ठी तिथिका दिन भगवान राम र माता सीता उपवास गरेर सूर्यदेवको आर ाधना गरेका थिए । सप्तमी तिथिका दिन सूर्योदयको समय अनुष्ठान गरी सूर्यदेवबाट आशिर्वाद प्राप्त गरे । एक किसिमले छठ पर्वको आरम्भ यसैदिन देखि भएको मानिन्छ ।

ऊर्जाको सबैभन्दा ठुलो स्रोत सूर्यलाई मानिन्छ । यसै कारणले गर्दा हिन्दू शास्त्रहरुमा सूर्यलाई प्रत्यक्ष देवताको रुपमा मानिएको छ । अर्को मान्यताका अनुसार छठ पर्व महाभारत कालदेखि सुरु भएको मानिन्छ । छठ पूजाको शुरुवात सूर्य पुत्र कर्णले गरेको मानिन्छ । कर्ण भगवान् सूर्यको परम भक्त थिए । उनी हरेक दिन जलमा उभी सूर्यलाई अर्घ दिने गर्दथे । सूर्यको कृपाले उनी महान् योद्धा बन्न सफल भए । महाभारतमा सूर्य पूजाको अर्को वर्णन समेत पाईन्छ । पाण्डव पत्नी द्रौपदीले आफ्नो परिजनहरुको उत्तम स्वास्थ्यको कामना र दिर्घायुका लागि नियमित सूर्य पूजा गर्ने गर्थिन् ।

**छठ पर्वको कथा**

यस पर्वको कथा अनुसार राजा प्रियवदको निसन्तानी थिए । त्यस समय महर्षि कश्यप पुत्रेष्टि यज्ञ गराएर उनको पत्नी मालिनीलाई यज्ञाहुतिका लागि बनाईएको खीर खानका लागि दिए । यसको प्रभावले उनलाई सन्तानको रुपमा छोरा प्राप्त भयो तर उक्त छोरा पनि मृत नै जन्मिए ।

प्रियवद पुत्रलाई लिएर श्मशान गए र पुत्र वियोगमा प्राण त्यागे । ठिक त्यही समय मानस कन्या देवसेना प्रकट भईन् र उनले भनिन्,'सृष्टिको मूल प्रवृत्तिको छैठौं अंशबाट उत्पन्न भएका कारण मेरो नाम षष्ठी परेको छ । हे राजन् तपाई मेरो पूजा गर्नुस् तथा अन्य व्यक्तिलाई समेत यसका लागि प्रेरित गर्नुस् ।' राजा पुत्र इच्छाले देवी षष्ठीको व्रत गरे र उनलाई पुनः पुत्र प्राप्ति भयो । उनले गरेको यो पूजा कार्तिक शुक्ल षष्ठी तिथिको दिन भएको थियो । यस प्रकार कार्तिक शुक्ल षष्ठी तिथिको दिन अर्थात् छठि मैयाको पूजा गर्ने परम्परा बन्यो ।

**छठ पर्वको वैज्ञानिक महत्व**

छठ पर्वको परम्परा वैज्ञानिक र ज्योतिषीय दृष्टीले समेत महत्पूर्ण रहेको पाईएको छ । षष्ठी तिथि एक विशेष खगोलीय अवसरको रुपमा रहेको छ । जुन समयमा पृथ्वीको दक्षिणी गोलार्धमा सूर्य र हन्छ र दक्षिणायनक सूर्यको अल्ट्राभोइलेट किरण पृथ्वीमा सामान्यभन्दा बढी मात्रामा एकत्रित हुन्छ ।

किनभने यस समयमा सूर्य आफ्नो तलको राशि तुलामा रहेको हुन्छ । जसकारण दूषित प्रकाशको सीधा प्रभाव जीवहरुको आँखा, पेट र छाला आदिमा पर्ने गर्दछ । सूर्यको प्रकाशलाई पराबैजनी प्रकाशबाट जीवहरुको हानी नोक्सानी नहोस् भन्ने अभिप्रायका साथ सूर्य पूजाको रहस्य लुकिएको विज्ञानका जानकारहरुको भनाई छ ।

**सामाजिक सांस्कृतिक महत्व**

छठ पूजाको सबैभन्दा महत्वपूर्ण कुरा यसको पवित्रता र लोकपक्ष रहेको छ । भक्ति र अध्यात्मिक हिसाबले परिपूर्ण यस पर्वका लागि मन्दिर वा आडम्बरको आवश्यकता भने हुँदैन् । यो पर्वले समाजमा सबैको महत्व आ-आफ्नो स्थानमा उत्तिकै छ भन्ने कुराको आभाष समेत गराउँदछ ।

जसरी की माटोको सामग्रीका लागि कुम्हाल, बाँसको सामग्रीका लागि डोम समुदाय, पूजाअर्चनाका लागि ब्राह्मण पूरोहितीनी, सख्खर, चामलका लागि किसान र व्यापारीलगायत, पूजाका प्रसाद बनाउनका लागि महिला, घाटमा लैजानका लागि पुरुष र जसरी कुनै दिनदुखी बिना चप्पल जुत्ता कसरी हिड्छन्, बिना साधन कुनै व्यक्ति कसरी काम गर्दछन्, यसको आभाष गराउनका लागि घाटमा प्रसाद लैजानेहरु धनी होस् या गरिब जुत्ता, चप्पलबिना हिँडेर नै लैजाने गर्दछन् । त्यसैगरी छठको विशेषता सहितको मैथिली लोक गीतसंगीतले जीवनलाई सार्थक बनाउन र पवित्र पर्वका लागि अझ बढी निष्ठावान् बनाउन सहयोग गर्दछ ।

**छठको सन्देश**

छठ पर्वमा स्थानीय उत्पादन, स्थानीय सीप र स्थानीय संस्कार को समिश्रण पाईन्छ । जस्तै की स्थानीय समुदायद्वारा हस्तनिर्मित बाँसको नाङ्लो, कनसुप्ती, माटोद्वारा निर्मित सामग्रीहरु, ढकना, सरबा, दियो, हाथी ईत्यादि सामग्रीहरु । हिन्दु धर्म संस्कृतिमा छठ पर्वको विशिष्टता आफैमा महत्पूर्ण रहेको छ ।


यस पर्वमा उदाउँदो सूर्यका साथै अस्ताउँदै गरेको सूर्यलाई समेत एकै प्रकारको आस्था र निष्ठाका साथ पूजिन्छ । त्यसैगरि हरेक वर्ग, जात, समुदायका मानिस एकै घाटमा एकसाथ यो पर्व मनाउने गर्दछन् जसले यस कुरालाई प्रस्ट्याउछ की सृष्टि सबैको लागि समान हो । यहाँ कोही उचनिच, धनी गरिब छैनन् ।


त्यसैगरी यदी वातावरणीय हिसाबले हेर्ने हो भने पनि छठ पर्वको ज्यादै नै महत्व रहेको छ । वर्षमा एक पटक भएपनि हामीले आफ्नो जीवनसँग अत्यधिक नजिक रहेको प्रकृतिलाई संरक्षण गर्नुपर्छ र पोखरी, तालतलैया, नदीलगायत पानीको मुहान सरसफाई गर्नुपर्छ । हामीलाई जीवन्त राख्न महत्वपूर्ण सहयोग गर्दै आएको पानीलाई पनि हामीले संरक्षण गर्नुपर्छ भन्ने प्रकार का सन्देश दिएको हुन्छ ।

यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घको रुपमा चढाइएको पूजा सामग्री प्रसादको रुपमा ग्रहण गर्ने चलन छ । छठ पर्वलाई समाजिक सद्भाव एवं एकताको पर्वको रुपमा पनि लिईन्छ । पहिले तराईका बासिन्दाले मात्र मनाउने छठ पर्व हिजोआज पहाडका बासिन्दाले समेत मनाउन थालेका छन् । *फरकधारबाट*



# प्रमाण च्यातेर प्रहरीले दु:ख दिएको आरोप




**खबर दर्पण समाचारदाता**

**कार्तिक ११ गते, बारा**

चेकजाँचको नाउँमा प्रहरीले सवारीसाधनलाई रोकेर रकम उठाउन कार्यमा लागेको पीडितले आरोप लगाएका छन् ।

बारा प्रहरीले जिल्लाका विभिन्न ठाउँ ठाउँमा दैनिक चेकजाँचको नाउँमा सवारीसाधनलाई रोकेर खुलियाम रकम उठाउन लागेको तथा कागजपत्र ठिक भएपनि प्रमाण नै च्यातेर दु:ख दिने गरेका पीडित सवारी धनीले आरोप छ। अस्थायी ट्राफिक प्रहरी कार्यालय कलैया, इलाका प्रहरी कार्यालय गण्डक, प्रहरी चौकी मटिअर्वा, प्रहरी चौकी बसतपुर, प्रहरी चौकी तेलकुअवा, प्रहरी चौकी बरियारपुर, ट्राफिक प्रहरी चौकी बडहर्वा, ट्राफिक प्रहरी चौकी लंगडाचोक, इलाका प्रहरी कार्यालय महेन्द्र आदर्श, इलाका प्रहरी कार्यालय बारा गढीलगायतका प्रहरी पोस्टले दैनिक चेकजाँचको नाममा दुख दिने गरेको पाइएको हो ।

यसरी चेकजाँचको नाउँमा उक्त बाटो भएर आउने जाने सवारीसाधनलाई रोकेर ब्लु बुक, सवारी चालक अनुमत पत्र लगायतको कागजात माग्ने, पछि कागज मिलेन भनी गाडी साइडमा लगाउनु अनि सरसँग भेट्नु भन्दै रकम असुल समेत गरेको उनीहरूको आरोप छ। घण्टौंसम्म सवारी रोकेर उनीहरू अवैध तरि काले ५ सय र हजार रुपियाँ लिएर सवारी छोड्ने गरेका भेटिएको छ ।

बाराको मटिअर्वा भन्सारबाट प्रवेश गराएर गढीमाई दर्शनको लागि नेपाल आएका मोटरसाइकल चालकलाई तेलकुअवा प्रहरी चौकीले चेकजाँच गर्दा भन्सारले दिएको प्रवेश कागज च्यातेर फालेपछि उनीहरू अलपत्रमा परेका भारत बिहार राज्यका डुबहा पञ्चायत दारपा थाना बगही गाउँ निवासी सुबोध कुमार बताउनुभयो । प्रहरीले आफू माथि अन्याय र ज्यादती गरेको गुनासो गर्नुभयो । चौकी अगाडी चेकजाँचमा खटेका तेलकुवा प्रहरी चौकीका प्रहरीले भन्सारको कागज च्यातेर गाडी नियन्त्रणमा लिएको कारण बुझ्दा जेल हाल्ने धम्की दिएको पीडित सुबोधले बताउनुभयो ।

यता प्रहरी चौकी तेलकुअवाका प्रहरी सहायक निरीक्षक रामबहादुर यादवले आफूले कागज नच्यातेको बताउनुभयो । कात्तिक १० गते बिहान ९:५८ बजे विआर ०५-एइ-८५५९ नम्बरको मोटरसाइकल भन्सार प्रवेश भएको मटिअर्वा छोटी भन्सारका कार्यालय सहयोगी प्रकाश साहले जानकारी दिनुभयो ।

# निर्वाचनमा एकताबद्ध भएर लाग्न सभापति देउवाको निर्देशन

**खबर दर्पण समाचारदाता**

**कार्तिक ११ गते, काठमाडौं**



नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले भक्तपुरका काँग्रेसी कार्यकर्ताको गुनासो निर्वाचनपछि सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।मध्यपुर थिमिमा आज आयोजित कार्यकर्ता भेटघाटमा सभापति देउवाले गठबन्धनको बाध्यताका कारण भक्तपुर क्षेत्र नं २ को प्रदेशसभा (२) अन्य दललाई दिनुपरेको बताउँदै त्यसको क्षतिपूर्ति निर्वाचनपछि सम्बोधन गर्ने बताउनुभयो ।

सभापति देउवा थिमिको शङ्खधर चोकमा राष्ट्रिय विभूति शङ्खधर साख्वा: प्रतिष्ठानले आयोजना गरेको माल्यार्पण कार्यक्रमका लागि थिमि आउनुभएको थियो । कार्यक्रमपछि उहाँ कार्यकर्ता भेटघाटका लागि नजिकको पार्टी प्यालेस पुग्नुभएको थियो ।

सभापति देउवाले गठबन्धन सरकार भएकाले निर्वाचनमा पनि गठबन्धनलाई निरन्तरता दिएर जानुपरेको र त्यसैका कारण कांग्रेस एक्लैले जित्ने केही क्षेत्र गठबन्धनमा रहेका सहयात्री दललाई छाड्नुपरेको स्पष्ट पार्नुभयो । उहाँले उपस्थित नेता, कार्यकर्तालाई गठबन्धनको बाध्यता बुझेर निर्वाचनमा एकताबद्ध भएर लाग्न र गठबन्धनका उम्मेदवारलाई जिताउन निर्देशन दिनुभयो ।

कार्यक्रममा भक्तपुर क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यका साझा उम्मेदवार, नेपाली कांग्रेसका जिल्ला सभापति दुर्लभ थापाले जिल्लाका काँग्रेसी कार्यकर्ता विशेष गरी मध्यपुर थिमि नगर क्षेत्रको गुनासो जसरी पनि सम्बोधनका लागि केन्द्रीय नेतृत्वलाई मनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । भक्तपुर क्षेत्र नं २ का निर्वाचन परिचालन समितिका संयोजक गणेशमान चक्रधरले काँग्रेसको बलियो गढको रूपमा रहेको मध्यपुर थिमि नगर क्षेत्र समावेश भएको भक्तपुर-२ (२) को प्रदेशसभा सदस्य गठबन्धनका दललाई दिए पनि समानुपातिकतर्फ समेत एक जनालाई मौका नदिनु अन्याय भएको गुनासो गर्नुभएको थियो ।

# एकता बाल क्लब नक्टाझिजको नयाँ कार्यसमिति चयन



**खबर दर्पण समाचारदाता**

**कार्तिक ११ गते, ढल्केबर**

धनुषाको मिथिला नगरपालिका वार्ड नं -२ मा रहेको एकता बाल क्लब को नयाँ कार्यसमिति चयन गरिएको छ।

मिथिला नगरपालिका वार्ड नं -२ को वाडा अध्यक्ष बिहारी महतोको अध्यक्षता र हिमालय युवा क्लब नक्टाझिजको पुर्व अध्यक्ष एवम् वर्तमान संरक्षक अरुण कुमार महतोको प्रमुख आतिथ्यमा बाल क्लब पुर्ण गठन गरी नयाँ कार्यसमिति चयन गरिएको कुरा बाल क्लबका सचिव कृष्ण महतोले बताए।

नयाँ कार्यसमितिको अध्यक्षमा कृष्ण कुमार महतो, उपाध्यक्ष निरा कुमारी महतो,सचिव विनिता महतो, सह-सचिव दिपक कुमार महतो ,कोषाध्यक्ष प्रिति कुमारी महतो र सदस्यहरुमा वर्षा कुमारी सिंह, रुपेश कुमार महतो,विजय कुमार दास, रोहित कुमार साह,जुनिल कुमार महतो, राहुल कुमार साह,नितेश कुमार महतो, क्षितिज कुमार महतो, दिपक महतो र उज्ज्वल कुमार महतो गरी जम्मा १५ सदस्यीय कार्यसमिति चयन गरिएको छ। त्यस्तै सल्लाहकारको रुपमा दिवेश कुमार महतो, रितेश कुमार महतो ( मनिष ) र संरक्षकमा अरुण कुमार महतो र बिहारी महतो रहेको छ ।

कार्यक्रम मा एकता बाल क्लब नक्टाझिजको उपाध्यक्ष अन्जली कुमारी साह,पुर्व अध्यक्ष मन्जित कुमार महतो, पुर्व सचिव सुजित कुमार महतो, सदस्य अन्जली कुमारी महतो लगायत ३७ जनाको उपस्थितिमा कार्यक्रम समापन गरिएको छ।

कार्यक्रम संचालन मिथिला नगर बाल संजाल को अध्यक्ष दिवेश कुमार महतोले गरेको थियो ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**कमला नगरपालिका**

**धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

**डेंगु रोग लाम खुट्टेको टोकाईको कारण सर्ने रोग हो । यो रोग** (Dengue Fever) **डेंगु रोग लागेका मानिसबाट अर्को मानिसमा लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । रोग सार्ने लामखुट्टे यस क्षेत्रमा रहेको हुँदा हामी सबै जोखिममा छौं ।**

**रोग लागेपछि देखिने लक्षणहरु :**

- जाडो हुँदै उच्च ज्वरो आउने जीउ दुख्ने जोर्नी तथा हाड बेस्सरी दुख्ने ।
- रोग लागेको केही समयपछि छाला मुनी रगत जमेको दागहरु देखापर्ने साथै रोगको जटिलता हुँदै गएपछि नाक गिजा वा शरीरका अन्य अंहरुबाट रगत बग्न सक्ने ।
- ज्वरो आएको केही समयपछि प्रशस्त पसिना आएर रक्तचाप घटन सक्ने आदि ।

**डेंगु रोगबाट बच्चे उपायहरु :**

- लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने उत्तम उपाय हो । यो रोग सार्ने लामखुट्टेले दिउँसोको समयमा टोक्ने भएकाले अनावश्यक रुपमा बाहिर ननिस्कौ । बाहिर निस्कनु परेमा पुरा जिउ ढाक्ने लुगा लगाएर मात्र निस्कौं ।
- यो लामखुट्टे गाडीको पुरानो टायरभित्र जमेको पानी, खुला टंकी, कुलरभित्र जमेको पानी, गमलामा जमेको पानी, टुटे फुटेका गाग्री, सिसा, खेर फालेको प्लाष्टिक, टिनका बट्टा आदिमा जमेको पानीमा फूल पार्ने हुँदा उक्त पानी जम्ने भाडोलाई घोप्टाई सुख्खा पार्ने ।
- बगैंचा, करेसा बारी घरको छत आदिमा रहेका डिब्बा, भाडा टायर, बोतल आदिमा जम्मा भएको पानी सुख्खा गराउनु रोगबाट बच्चने अति प्रभावकारी उपाय हो । तसर्थ लामखुट्टेको

**मुखियापट्टी मुसहरनिया गाउँपालिका**

**धनुषा**

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०    प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

**मिटिङ्ग हल, पार्टी पैलेश**

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा